# इनरुवा नगरपालिकाको
# आर्थिक वर्ष २०८३/०८४ को
# वार्षिक नीति, कार्यक्रम तथा बजेट वक्तव्य

**नगर सभाका सभाध्यक्षज्यू,**
**नगर सभाका सदस्यज्यूहरू।**

१. इनरुवा नगरपालिकाको उपप्रमुख एवम् बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले यस इनरुवा नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति, कार्यक्रम तथा बजेट यस गरीमामय नगर सभाको बैठकमा प्रस्तुत गर्न पाउँदा म अत्यन्त हर्षित एवम् उत्सुक छु ।

२. यस अवसरमा म नेपालको राष्ट्रियता, राष्ट्रिय स्वाधिनता, गणतन्त्र एवम् लोकतन्त्र, धर्म निरपेक्षता, समावेशीता, सामाजिक न्याय र समानताका लागि जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात महान शहीदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै लोकतन्त्र प्राप्तिका विभिन्न आन्दोलनका क्रममा भएका घाइते र वेपत्ता नागरिकहरुप्रति सम्मान प्रकट गर्दछु। साथै नेपालको राजनितिक परिवर्तन र नेपाली जनताको सुख समृद्धिका लागि संघर्ष गर्नुहुने महान नेपाली नागरीक र त्यसको सवल नेतृत्व प्रदान गर्नुहुने नेपाली राजनीतिका शिखर व्यक्तित्वहरू प्रति हार्दिक सम्मान व्यक्त गर्दछु । त्यसैगरी नगर निर्माणमा तल्लिन इनरूवा नगरपालिका क्षेत्रका ऐतिहासिक र विशिष्ट महानुभावहरू, नागरिक समाजका अगुवाहरू, बुद्धिजिवी, मानवअधिकार कर्मी, पत्रकारहरु, कर्मचारीहरु, संघर्ष र त्यागमा समर्पित अभियन्ताहरू तथा आम नगरवासीहरू प्रति हार्दिक सम्मान प्रकट गर्दछु।

३. आगामी आर्थिक वर्षको बजेट, नीति तथा कार्यक्रम तर्जुमा गर्दा मैले नेपालको वर्तमान संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४, नेपाल सरकार तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम, दिगो बिकासका लक्ष्य, सोह्रौं योजनाका उद्देश्य, प्राथमिकता तथा रणनीति, इनरुवा नगरपालिकाको प्रथम आवधिक योजनाका उद्देश्य, प्राथमिकता तथा रणनीति, इनरूवा नगरपालिकाको वस्तुगत अवस्था, विभिन्न

राजनितिक दल, संघ संस्था तथा नागरिक समाजका प्रतिनिधिहरूबाट प्राप्त सुझावहरूलाई गम्भिरतापूर्वक ध्यान दिने प्रयत्न गरेको छु ।

४. इनरूवा नगरका आफ्नै खाले विशिष्टता र विविधताहरू छन् । त्यस्तो विशिष्टता र विविधतालाई सन्तुलित ढंगले व्यवस्थापन गर्नु पर्दछ । एकातिर नगरको खास क्षेत्रमा सघन शहरी विकासले गति लिई रहेकोछ भने अर्कोतिर धेरै वडाको भूगोल आज पनि ग्रामिण परिवेश अनुरूप रहेको छ । उक्त अवस्थालाई मध्यनजर गरी बार्षिक नीति, कार्यक्रम तथा बजेटको तर्जुमा गर्नुपर्ने हाम्रो अवस्थाप्रति म संवेदनशिल र गम्भिर रहेको ब्यहोरा निवेदन गर्न चाहन्छु ।

**आदरणिय नगरसभाका अध्यक्ष ज्यू,**

**नगरसभाका सदस्यज्यूहरु,**

**५. अब म आर्थिक वर्ष २०८१/०८२ को आय र व्ययको यथार्थ विवरण, चालु आर्थिक वर्ष २०८२/०८३ को समिक्षा सहित आय र व्ययको संशोधित अनुमान संक्षिप्त रुपमा प्रस्तुत गर्ने अनुमती चाहन्छुः-**

- आर्थिक वर्ष २०८१/०८२ को यथार्थ आय रकम रु.८५ करोड ८८ लाख २७ हजार ३ सय ६७ रुपैयाँ पैसा ९८ र व्यय तर्फ रकम रु.७७ करोड ८ लाख ११ हजार ६ सय ५१ रुपैयाँ पैसा ६
- चालु आर्थिक वर्ष २०८२/०८३ मा नेपाल सरकार र प्रदेश सरकारबाट प्रक्षेपित राजश्व संकलन हुन नसकेकोले नगरपालिकालाई प्राप्त हुने वित्तिय समानिकरण अनुदान रकम रु.१ करोड ४१ लाख ७ हजार ५ सय र राजश्व बाँडफाँडबाट प्राप्त हुने अनुदान करिव रकम रु. १ करोड ७८ लाख २४ हजार ३ सय २३ कटौती भएको/प्राप्त नभएको अवस्था छ । साथै प्रदेश समानिकरण अनुदान रकम रु.१३ लाख ७१ हजार छ सय र प्रदेश राजश्व बाँडफाँड तर्फ रकम रु.२९ लाख ७६ हजार ५ सय कटौती भएको/प्राप्त नभएको अवस्था छ ।

- चालु आ.व.मा आन्तरिक राजश्व वृद्धि गर्न नगर सभाले लिएका विभिन्न नीतिहरुलाई तदारुपताका साथ कार्यान्वयनमा ल्याउनका साथै डोर टू डोर अभियान समेत संचालन गरिएता पनि पूर्वाधार उपभोकमा लाग्ने शुल्क, कृषि उपज निकासी जस्ता शीर्षकहरुमा ठेक्का आव्हान गर्न नेपाल सरकारले रोक लगाएको हुँदा आन्तरिक राजश्व संकलनको लक्ष्य अनुसार संकलन हुन नसकेको व्यहोरा अनुरोध छ । हालसम्म संकलन भएको कुल आन्तरिक राजश्व रकम रु. ५ करोड २४ लाख ९८ हजार ७ सय ७४ रुपैयाँ पैसा २९ रहेको छ ।
- संघिय सरकार र प्रदेश सरकारवाट हुने वित्तिय हस्तान्तरणको रकम कटौतिका बाबजुद पूर्वाधार विकास तर्फ विभिन्न वडामा कालोपत्रे सडक निर्माण ७.१९ किलोमिटर, ग्राभेल सडक निर्माण २.४ किलोमिटर, RCC सडक १ किलोमिटर, इन्टरलक टायल बाटो निर्माण ६२६ मिटर, नाला निर्माण १.८ किलोमिटर, एजिङ्ग वाल निर्माण २.९ किलोमिटर, २ वटा वडा कार्यालय भवन, २ वटा विद्यालय भवन, १ वटा स्वास्थ्य चौकी भवन, २ वटा झोलुङ्गे पुल (ट्रस ब्रिज) निर्माण कार्य भईरहेको छ ।
- साथै नगरको गौरवको रूपमा संचालित आयोजनाहरू शिव मन्दिर, दुर्गा मन्दिर निर्माणमा रकम निकासा गरी निर्माण कार्य अन्तिम चरणमा रहेको छ ।
- इनरुवा नगरपालिकाको स्थापना, विकास तथा विभिन्न क्षेत्रमा अग्रणी भूमिका निर्वाह गर्ने व्यक्तित्वहरूको योगदानको कदर गर्न विशेष सम्मान सहित "इनरुवा डे (दिवस)" कार्यक्रम मिति २०८३ जेठ १५ गते भव्यताका साथ सम्पन्न गरिएको छ । उक्त कार्यक्रममा विभिन्न विधामा ३३२ जना व्यक्ति तथा संस्थाहरुलाई सम्मान गर्नुका साथै स्थानीय संस्कृती झल्कने नृत्य तथा झाँकीहरु प्रस्तुती गरी स्थानीय परिकारहरुलाई समेत प्रवर्द्धन गरिएको छ ।
- वर्षौं देखि बन्द अवस्थामा रहेको पञ्चवटी पार्कलाई व्यवस्थित गरी संचालनमा ल्याईएको छ । पार्कमा नागरबासी तथा छिमेकी पालिकाका नागरिकहरु समेतको उत्साहजनक उपस्थिति हुने गरेको छ । यसका साथै इनरुवा ४ मा रहेको त्रवेणी पार्कलाई समेत पिक्निक स्पटको रुपमा संचालन गर्न विभिन्न संरचना निर्माण कार्य अन्तिम चरणमा रहेको छ ।
- मिति २०८२ भाद्र २३ र २४ गते भएको Gen Z आन्दोलनको क्रममा इनरुवा नगरपालिका कार्यालय र ७ वटा वडा कार्यालयहरुमा आगजनी तथा तोडफोड हुँदा करिब ९ करोड रुपैयाँ बराबरको क्षति भएको छ । यसबाट उत्पन्न असहज

परिस्थितिमा नागरिकहरुलाई सेवा प्रवाह सुनिश्चित गर्न न्यूनतम भौतिक संरचनाहरुको सामान्य मर्मत सम्भार गर्नुका साथै आवश्यक सामाग्री व्यवस्थापन गरी सेवा सुचारु गरिएको छ । थप मर्मत सम्भार र पुनर्निर्माणको कार्य अझै बाँकि नै रहेको छ ।

- इनरुवा नगरपालिकाको जटिल समस्याको रुपमा रहेको फोहोरमैला व्यवस्थापन कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिएको छ । दैनिक रुपमा सडक सरसफाई गर्ने र ट्याक्टर प्रयोग गरी फोहोर संकलन गर्ने कार्य निरन्तर रुपमा भईरहेको छ ।
- फोहोरबाट मोहोर भन्ने नीतिलाई सार्थकता दिन इनरुवा ८ मा रहेको श्रोत पुनःप्राप्ती केन्द्रमा दैनिक संकलन हुने फोहोर मध्ये कुहिने फोहोरबाट प्राङ्गगारिक मल (धुलो र झोल मल) तयार गरी किसानहरुलाई वितरण गरिएको छ । यसबाट कृषि उत्पादनमा सकारात्मक प्रभाव परेको छ । त्यस्तै, नकुहिने फोहोरहरुलाई विभिन्न किसिममा छुट्याई उक्त सामाग्रीहरु विक्रि गरी चालु आ.व.मा हाल सम्म करिब ५ लाख रुपैयाँ भन्दा बढीको आम्दानी गरिएको छ ।
- श्रोत पुनःप्राप्ती केन्द्र नजिकका ८४ घरपरिवारको निशुल्क स्वास्थ्य विमा गरिएको छ ।
- इनरुवा नगरपालिकाको समग्र विकासको लागि प्राथमिकता सहितको आवधिक योजनालाई कार्यान्वयनमा ल्याईएको छ । साथै मध्यमकालीन खर्च संरचना, आन्तरिक नियन्त्रण प्रणाली, क्षमता विकास योजना, खरिद गुरुयोजना आदि लाई कार्यान्वयनमा ल्याईएको छ ।
- सामुदायीक विद्यालयको भौतिक पूर्वाधार सुधारका लागि ७ वटा विद्यालयमा भवन निर्माण/मर्मत, शौचालय मर्मत तथा टिनको छाना फेर्ने लगायतको कार्य सम्पन्न हुनका साथै केहि योजना निर्माण सम्पन्न हुने अन्तिम चरणमा रहेको छ ।
- नगरपालिकाको शिक्षा ऐन बमोजिम इनरुवामा पहिलो पटक खुल्ला प्रतिस्पर्धा मार्फत सामुदायीक विद्यालयको प्र.अ. छनौट गरी कामकाजमा खटाइएको छ । यसले शैक्षिक सुधारमा उल्लेख्य भुमिका खेल्ने अपेक्षा गरिएको छ ।
- त्यसै गरी सामाजिक विकास तर्फ घरदेखि घाटसम्म कार्यक्रमलाई विशेष प्राथमिकताको साथ संचालन गरी नगर क्षेत्रका करिव १६६ दलित तथा अति विपन्न परिवारका सदस्यको मृत्यु हुँदा दाहासंस्कार तथा किरिया खर्च उपलब्ध गराईएको छ ।

- नगरपालिकामा संचालित अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम अन्तर्गत अपाङ्गता पहिचान भएका १९ जना भन्दा बढीको इनरुवा, इटहरी, विराटनगरमा स्वास्थ्य उपचार गराई कस्टकर दैनिकिलाई सहज बनाउने प्रयत्न गरिएको छ ।
- अपाङ्गता भएका व्यक्तिहरुलाई आवश्यकता बमोजिम Wheel Chair, toilet chair लगायतको सहायक सामाग्री उपलब्ध गराईदै आएको छ । हाल सम्म १७ वटा सामाग्री वितरण हुनका साथै थप १० वटा वितरण गर्ने तयारीमा रहेको छ ।
- अटिजम भएका १० जना बालबालिकालाई सहयोगी शैक्षिक सामाग्री समेत उपलब्ध गराइएको छ।
- १० जना अपाङ्गता भएका व्यक्ति तथा परिवार सदस्यलाई व्यवसायीक सिपमुलक तालिम प्रदान गरिएको छ ।
- महिलाहरुको पाठेघरको मुखमा हुन सक्ने क्यान्सर जाँचको लागि HPV/DNA विधिबाट ५०१६ जना महिलाहरुको जाँच गरिएको छ ।
- नागरिकहरुको स्वास्थ्य सुरक्षाको लागि आवश्यक औषधि खरिद गरिएको छ । साथै नगरपालिकाका ० देखि ५९ महिना सम्मका सबै बालबालबालिकाहरुले खोप लगाएको सुनिश्चितता गरी पूर्णखोप तथा दिगोपना घोषणा गरिएको छ ।
- पाँच वर्ष सम्मका बालबालिकाहरुको पोषण लेखाजोखा गरी पुर्ण पोषण भएको सुनिश्चिता गरिएको छ ।
- आधारभुत फिजियोथेरापी केन्द्र, इनरुवा ५ मा प्रत्येक हप्ताको आइतवार र बुधबार फिजियोथेरापिस्टबाट फिजियोथेरापी सेवा उपलब्ध गराउदै आइएकोमा हालसम्म १३५ जना व्यक्तिहरुले ९७५ पटक सेवा लिनु भएको छ ।
- गर्भवती तथा सुत्केरी महिलाहरुको स्वास्थ्य निर्देशिका बमोजिम पूर्ण जाँच गरिएको छ ।
- प्रत्येक महिनाको १ पटक ११ वटै स्वास्थ्य संस्थामा पोर्टेबल अल्ट्रासाउण्ड मेसिनको सहयोगमा ११७२ जना गर्भवती महिलाहरुलाई भिडियो x-ray सेवा उपलब्ध गराईएको छ ।
- स्वास्थ्य संस्थाहरुबाट नियमित रुपमा विरामी सामान्य चेकजाँच गरी आवश्यकता अनुसार सेवा प्रदान गरिएको छ ।
- डिजिटल नेपाल फ्रेमवर्कलाई सार्थक बनाउने उद्देश्यले इनरुवा नगरपालिका वडा नं. १,२,३ र ५ मा यस अघि छुटेका र वडा नं. ६ का रहेका घरधुरीहरुमा म्याट्रिक्स विधिबाट डिजिटल हाउस नम्बरिङ्ग जडान तथा विवरण संकलन गर्ने कार्य अन्तिम चरणमा रहेको छ ।

- नगरपालिकाले स्वतः प्रकाशन गर्नु पर्ने सूचनाहरू नगरपालिकाको वेवसाईट, सूचना पाटी, फेसबुक पेज, विभिन्न पत्रपत्रिका, एफ.एम. रेडियो र माईकिङ मार्फत सार्वजनिक गर्ने गरिएको छ ।
- नगर क्षेत्रको शान्तिसुरक्षाको लागि बजार क्षेत्रमा सिसिटिभि क्यामेरा जडान गरी नियमित मर्मत सम्भारको व्यवस्था गरिएको छ ।
- नगरपालिकाको कार्यालय र मातहतका सबै कार्यालयहरुमा साझा र एकीकृत प्रणाली विकास गरी office automation software (अनलाईन दर्ता चलानी) प्रयोगलाई निरन्तरता दिईएको छ ।
- कर्मचारीहरुलाई जवाफदेहि बनाउन नगरपालिका कार्यालयमा विद्युतीय हाजिरी जडान गरिएको छ । आगामी आ.व.मा नगरपालिका मातहतका सबै कार्यालयहरुमा विधुतीय हाजिरी जडान गरिनेछ ।
- अपाङ्गता भएका, दलित तथा अति विपन्न परिवारहरुका लागि लागत साझेदारीमा रकम रु.२२ लाख बराबरको स्वास्थ्य विमा गरिएको छ ।
- धर्म संस्कृती जगेर्नाका लागि पुजा आजा, तिज, जितिया, कर्मा धर्मा, मोहरम, इद, बकरइद जस्ता धार्मिक कार्यहरु मनाउन समुदाय स्तरमा सहकार्य गरिएको छ ।
- सामाजिक संघ संस्थाहरुसंग लागत साझेदारीमा समुदाय स्तरमा विभिन्न कार्यक्रमहरु संचालन गरिएको छ ।
- हिंसामा परेका महिलाहरुका लागि सुरक्षित आवस गृह (सेफ हाउस) मा आउने महिलाहरुलाई नियमित रुपमा सेवा उपलब्ध गराउदै आइएको छ ।
- ६६१३ जना लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता बापत रकम रु.२४ करोड ४७ लाख २८ हजार ९ सय १३ रुपैयाँ त्रैमासिक रुपमा समयमै बैंक मार्फत वितरण गरिएको/भइरहेको छ । साथै १९० जना दीर्घ रोगीहरुलाई नियमित रुपमा औषधी उपचार खर्च उपलब्ध गराइएको छ ।
- किसानको ५०% लागत साझेदारीमा निम्न सामाग्रीहरु वितरण गरिएको छ ।

| क्र.स. | सामाग्रीको नाम | परिमाण |
|---|---|---|
| १ | स्प्रे ट्याङ्की | १९९ |
| २ | मकै रोप्ने मेसिन | ३९ |
| ३ | मिनि टिलर | १४ |
| ४ | साना सिँचाई (मोटर बोरिङ) | २३ |
| ५ | गहुँको विउ वितरण | १३.२ मे.ट. |
| ६ | धानको विउ वितरण | १३.७४ मे.ट. |

- यसका साथै किसान तथा कृषक समुहहरुसंगको सहकार्यमा धान प्रशोधन प्रवर्द्धन कार्यक्रम, हिउदे मकै प्रवर्द्धन कार्यक्रम र चैते धान प्रवर्द्धन कार्यक्रम संचालन गरिएको छ ।
- इनरुवा ९ बवियामा रहेको पशु सेवा केन्द्रलाई व्यवस्थित रुपमा संचालन गरी आधारभुत प्रयोगशालाबाट नियमित उपचार तथा रोग निदान र कृतिम गर्भाधान गर्ने कार्य गरिएको छ । दैनिक रुपमा ५०/६० पशुपंछीको उपचार हुने गरेको छ ।
- इनरुवा नगर क्षेत्रका करिब १८५०० पशुहरुलाई २ पटक खोरेत बिरुद्ध खोप लगाइएको छ । साथै खोप सेवा हाल पनि संचालनमा रहेको छ ।
- रेविज रोग नियन्त्रणका लागि ४०० वटा कुकुरलाई रेविज विरुद्दको खोप लगाइएको छ ।
- पशुहरुमा लाग्ने महामारी लम्पि स्किन रोग नियन्त्रणका लागि ४००० वटा पशुहरुमा खोप लगाइएको छ ।
- कृषकहरुको घरघरमा भिडियो X-ray सहितको सेवा पुर्याएर ३५ वटा गाई भैंसीको बाझोपनको समस्या समाधान गरिएको छ ।
- ५०% लागत साझेदारीमा ५३ जना किसानहरुलाई च्याफ कटर वितरण अन्तिमचरणमा रहेको छ ।
- लघु उद्यम विकास कार्यक्रम मार्फत गरिव तथा विपन्न परिवारको आवश्यकताको आधारमा ५५ जना नयाँ उद्यमीहरूलाई आयमुलक सिप सिकाई विभिन्न प्रविधि तथा सामाग्रीहरू हस्तान्तरण गरि जिविकोपार्जनमा टेवा पुर्याईएको छ । (२४ जना सिलाई कटाई तालिम, १७ जना व्युटी पार्लर, ११ जना एसि/फ्रिज मर्मत, १ जना फ्रेस हाउस संचालन, १ जना बंगुरपालन र १ जना अगरवत्ती तालिम संचालन)
- महिला हिंसा विरुद्धको १६ दिने अभियान संचालन गरिएको छ ।
- सुरक्षीत आप्रवासन कार्यक्रम अन्तर्गत जिल्ला प्रशासन कार्यालयमा रहेको आप्रवासी सूचना केन्द्रबाट ११ हजार ९१ जनालाई परामर्श तथा सूचना प्रदान गरिएको छ। वैदेशिक रोगजारीको क्रममा भएको ठगी तथा मृत्यु पश्चात नेपाल सरकारबाट प्राप्त हुने रकम रु. ७० लाख १६ हजार ९ सय ९५ असुल उपर गरी पिडितलाई क्षतिपूर्ति उपलब्ध गराईएको छ ।
- वैदेशिक रोजगारमा रहेका व्यक्तिको परिवार मध्ये १४६ जना र ४५० जना विद्यार्थीहरुलाई मनोसामाजिक परामर्श प्रदान गरिएको छ । साथै ५० जनालाई

वित्तीय साक्षरता सम्बन्धी तालिम प्रदान गरिएको छ ।रिटर्नी स्वंसेवकहरुले घरधुरीमा पुगी ४१२५ जनालाई सूचना दिएकाछन् ।

- वैदेशिक रोजगारमा जान चाहने ३५५ जना व्यक्तिहरुलाई अनलाइन श्रम स्वीकृतिको लागि आवश्यक सहजीकरण गरिएको छ । साथै राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम मार्फत ५३ जना विद्यार्थीहरुलाई ३९० घण्टाको कम्प्युटर तालिम संचालनमा गरिएको ।
- विभिन्न कार्यालय तथा संघसंस्थाहरु संगको सहकार्यमा युवाहरुलाई बेसिक सिलाई कटाई, Montessori तालिम तथा इलेक्ट्रिसियन तालिम जस्ता सिपमुलक तालिमहरु संचालन गरी रोजगारीको अवसर जुटाइएको ।
- १० वटै वडा कार्यालयहरुबाट विनियोजित बजेटको परिधी भित्र रहि भौतिक पूर्वाधार, सामाजिक विकास, आर्थिक विकासका कार्यहरु नियमित रुपमा हुँदै आएको छ । वडाबाट दैनिक रुपमा हुने कार्य सम्पदानको प्रगति विवरण देहाय बमोजिम रहेको छ ।

<u>देहायः</u>

| क्र.स. | सिफारिसको किसिम | संख्या |
|---|---|---|
| १ | नागरिकता सिफारिस | २३३१ |
| २ | नाता प्रमाणित सिफारिस | ५१६ |
| ३ | चार किल्ला सिफारिस | ९६६ |
| ४ | घरबाटो सिफारिस | ११२६ |
| ५ | अन्य सिफारिस | ४१२६ |
| | **जम्मा** | **९१०१** |

**आदरणीय सभाध्यक्षज्यू,**

- **अब म न्यायीक समितिको वार्षिक प्रतिवेदन प्रस्तुत गर्ने अनुमती चाहन्छु ।**

  - न्यायीक समितिमा परेका ९५ वटा मुद्दा तथा उजुरीहरु मध्ये ६२ वटा मिलापत्र तथा आदेशको माध्यमबाट निरूपण गरिएको छ ।
  - अन्य निकायहरुबाट सिफारिस भई आएका विवादहरु समेत समाधान गर्ने गरिएको छ ।
  - उजुरी तथा विवाद उपर प्रत्येक हप्ताको बुधबार छलफल गर्नुका साथै स्थलगत अनुगमन गरेर मात्र विवाद निरूपण गर्ने गरिएको छ ।
  - ६४७ जना विद्यार्थीहरुलाई न्यायीक क्षेत्राधिकार सम्बन्धी अन्तरक्रिया कार्यक्रम गरी सुसुचित गरिएको छ ।
  - सबै स्थानीय तहहरुको सिकाई आदान प्रदान गर्न जिल्ला न्यायीक भेला आयोजना गरिएको छ ।
  - सबै वडाबाट नगरपालिकामा सूचीकृत भएका ३० जना मेलमिलापकर्ताहरुलाई पुनर्ताजगी तालिम दिई क्षमता विकास गरिएको छ ।

- चालु आ.व. को २०८३ असार ९ गतेसम्म आम्दानी र खर्चको विवरण देहाय बमोजिम रहेको छ ।

**देहायः**

| क्र.स. | आम्दानी शिर्षक | प्रस्तावित आय | २०८३ असार ९ गते सम्म प्राप्त आम्दानी |
|---|---|---|---|
| १ | संघीय सरकार | ५१ करोड ७८ लाख | ४६ करोड ६४ लाख ५८ हजार ५ सय |
| २ | प्रदेश सरकार | ४ करोड ६४ लाख ९६ हजार | ३ करोड ९६ लाख ५६ हजार |
| ३ | राजश्व बाँडफाँड (संघ र प्रदेश) | १७ करोड ११ लाख १ हजार ९ सय १५ | १५ करोड ८२ लाख ८४ हजार ४ सय ३९ रुपैयाँ पैसा ९५ |
| ४ | आन्तरिक श्रोत (बैंक मौजदात सहित) | २२ करोड ३१ लाख ९५ हजार २ सय ५३ पैसा १० | १६ करोड ५३ लाख ९३ हजार १ सय ६४ पैसा ५८ |
| **जम्मा आम्दानी** | | | **८२ करोड ९७ लाख ९२ हजार १ सय ४ रुपैयाँ पैसा ५३** |

**देहायः**

| क्र.स. | खर्च शिर्षक | प्रस्तावित खर्च | २०८३ असार ९ गतेसम्म भएको खर्च |
|---|---|---|---|
| १ | चालु खर्च | ६१ करोड १४ लाख ३२ हजार ८८ रुपैयाँ पैसा ६५ | ४२ करोड ४२ लाख ५१ हजार १ सय ८६ रुपैयाँ पैसा ५९ |
| २ | पुँजिगत खर्च | ३५ करोड २१ लाख ६१ हजार ७९ रुपैयाँ पैसा ४५ | १२ करोड ३९ लाख १० हजार ३ सय उनानब्बे रुपैयाँ पैसा २३ |
| **जम्मा खर्च** | | | **५४ करोड ८१ लाख ६१ हजार ५ सय ७५ रुपैयाँ पैसा ८२** |

- संघ सरकार र प्रदेश सरकारबाट शसर्त अनुदानको थप योजनाहरु प्राप्त भई कार्यान्वयनको चरणमा रहेको छ ।
- यसरी आ.व. २०८२/०८३ को वार्षिक संशोधित बजेट रु. ९६ करोड ३५ लाख ९३ हजार १ सय ६८ पैसा १० अनुमान गरेको छु ।

**आदरणीय सभाध्यक्षज्यू,**

**६. अब म आर्थिक बर्ष २०८३/०८४ को बजेटका उद्देश्यहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु-**

- नगरवासीमा न्युनतम भौतिक र मानवीय सेवा पुर्याउने ।
- नगरको शैक्षिक गुणस्तर सुधार गर्ने ।
- नगरक्षेत्रमा व्यापारिक, व्यवसायिक, कृषिजन्य तथा पर्यटकीय क्षेत्रलाई सुदृढ व्यवस्थित गरी आर्थिक कृयाकलाप बिस्तार गर्ने ।
- उपलव्ध स्रोत साधनको उचित सदुपयोग प्राथमिकता क्षेत्र निर्धारण गरी आर्थिक समृद्धि हासिल गर्ने ।
- सामाजिक समावेशीकरण तथा सन्तुलित विकास गर्ने ।
- सुशासन प्रवर्द्धन गर्ने ।

**७. त्यसैगरी अब म आर्थिक वर्ष २०८३।०८४ को बजेटका प्राथमिकताहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

- नगरपालिकाको मापदण्ड अनुरूपको भौतिक पूर्वाधारको विकास एवम् नितिगत सुधार ।
- शैक्षिक क्षेत्रलाई गुणस्तरीय एवम् प्रविधिमैत्री बनाउने ।
- नगर क्षेत्रको आधारभुत पूर्वाधार निर्माण ।
- फोहोरमैला व्यवस्थापन, प्रकोप न्यूनीकरण तथा वातावरण संरक्षण ।
- व्यवसायिक कृषि, पशुपालन तथा आय आर्जनका कृयाकलापहरूको बिस्तार ।
- संस्थागत क्षमता अभिवृद्धिका लागि जनशक्ति विकास तथा सेवा प्रवाहको लागि आधारभूत पूर्वाधार निर्माण ।

**आदरणीय सभाध्यक्षज्यू,**

**अब म आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति, कार्यक्रम तथा आय व्ययको अनुमानित बजेट प्रस्तुत गर्न अनुमती चाहन्छु ।**

- ➢ संघीय समानिकरण अनुदान रु. १६ करोड ७५ लाख , संघीय सशर्त अनुदान चालु रु. ३० करोड ८४ लाख, संघीय सशर्त अनुदान पुँजीगत रु.६६ लाख, संघीय समपुरक अनुदान अनुदान रु. २ करोड ३४ लाख, विशेष अनुदान रु.८३ लाख ३३ हजार

- प्रदेश समानिकरण अनुदान रु.१ करोड ६० लाख २७ हजार, प्रदेश समपुरक अनुदान रु. ८० लाख, प्रदेश सशर्त अनुदान चालु रु.१ करोड ७ लाख ६६ हजार, संघीय सशर्त अनुदान पुँजीगत रु.४ करोड २० लाख ८९ हजार
- संघीय राजश्व बाँडफाट रु. १२ करोड ९६ लाख २३ हजार, प्रदेश राजश्व बाँडफाट (सवारी कर) रु. १ करोड २५ लाख ६१ हजार ८३५ र घरजग्गा रजिस्ट्रेसन दस्तुर बापत रकम रु.४ करोड ५० लाख
- बैंक मौजदात सहितको आन्तरिक श्रोत रु. १८ करोड ८४ लाख ७८ हजार ६ सय ७७ सहित आ.व. २०८३/०८४ को कुल अनुमानीत आय रकम रु. ९६ करोड ६७ लाख ४५ हजार ५ सय १२ अनुमान पेश गरेको छु ।

**आदरणीय सभाध्यक्ष महोदय,**

अब म क्षेत्रगत रूपमा नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

<u>पूर्वाधार विकासः</u>

८. आगामी आर्थिक वर्षमा भौतिक पूर्वाधार निर्माणलाई विशेष प्राथमिकतामा राखि सशर्त अनुदान बाहेक नगरपालिकालाई संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान र आन्तिक राजश्वको ४०% ले हुन आउने रकम २२ करोड ३६ लाख ७६ हजार २ सय ५ रुपैयाँ भौतिक पूर्वाधार क्षेत्रमा विनियोजन गरेको छु । जसमध्ये वडा स्तरीय भौतिक पूर्वाधार निर्माणमा रकम रु. ९ करोड विनियोजन गरेको छु ।

९. इनरुवा वडा नं. ८ लाई नगरको केन्द्र सम्म जोड्ने नगर गौरबको आयोजना "कंशमडानदेखि बंकुल्वा जोड्ने सडक कालोपत्रे गर्ने कार्य, इनरुवा ८" का लागि संघीय समपूरक अनुदान ४०% र इनरुवा नगरपालिकाको ६०% लागत साझेदारीमा जम्मा रकम रु. ४ करोड १० लाख विनियोजन गरेको छु ।

१०. इनरुवा वडा नं. २ र ९ को केहि भुभागलाई नगरको केन्द्र सम्म जोड्ने नगर गौरबको आयोजना " इनरुवा २ भुजा मिल देखि इनरुवा ९ साह टोल सम्मको सडक कालोपत्रे गर्ने कार्य" का लागि संघीय समपूरक अनुदान ४०% र इनरुवा नगरपालिकाको ६०% लागत साझेदारीमा जम्मा रकम रु. १ करोड ७५ लाख विनियोजन गरेको छु ।

११. नगर गौरबको आयोजना “इनरुवा ५ चौधरी टोल देउराली टोल हुँदै सिम्पाने टोलसम्म सडक कालोपत्रे गर्ने कार्य” का लागि प्रदेश समपुरक अनुदान ४०% र

इनरुवा नगरपालिकाको ६०% लागत साझेदारीमा जम्मा रकम रु.२ करोड विनियोजन गरेको छु ।

१२. राष्ट्रिय भवन संहिताको कार्यान्वयन प्रक्रियालाई थप प्रभावकारी बनाइने छ । नगर क्षेत्रमा घर निर्माण गर्दा प्रत्येक घरमा fire extinguisher राखेको र कम्तिमा २ वटा विरुवा रोपेको सुनिश्चितता गरेर मात्र निर्माण सम्पन्न दिने नीति लिइएको छ ।

१३. नगरका सडकहरूको नियमित सञ्चालन र मर्मत संभारको लागि मर्मत संभार कोषको परिचालनलाई अनिवार्य गर्ने नीति लागू गरिएको छ ।

१४. पूर्वाधार निर्माण गर्दा महिला मैत्री, वालमैत्री तथा अपाङ्गमैत्री पूर्वाधार निर्माण गर्ने नीतिलाई निरन्तरता दिईएको छ ।

१५. इनरुवा नगरपालिका क्षेत्रको फोहोरमैलाको दीर्घकालिन व्यवस्थापनको लागि सार्वजनिक नीजि साझेदारी अवधारणालाई अवलम्बन गर्ने नीति लिईएको छ ।

## सामाजिक विकासः

१६. मानव विकास सूचकाङ्कको प्रमुख पक्षको रुपमा रहेको सामाजिक विकासलाई प्राथमिकतामा राखी बाँडफाँड योग्य बजेटको १०% ले हुन आउने रकम रु.६ करोड १५ लाख १० हजार ९ सय ५६ विनियोजन गरेको छु । जस मध्ये वडा स्तरीय सामाजिक विकासका लागि रकम रु.१ करोड २० लाख विनियोजन गरेको छु ।

## शिक्षाः

१७. सामुदायीक विद्यालयमा भौतिक सुविधा विस्तार कार्यक्रमलाई आवश्यकता र सूचाङ्कको आधारमा व्यवस्थित गरिने छ । विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण तथा मर्मतका लागि रकम रु.५० लाख विनियोजन गरेको छु ।

१८. प्रविधिमैत्री शिक्षण सिकाईका लागि सबै सामुदायीक विद्यालयहरुमा आवश्यक कम्प्युटर, ल्यापटप, डिजिटल बोर्ड जस्ता विद्युतीय सामाग्रीहरु व्यवस्थापन गर्नुका साथै शिक्षकहरुलाई आवश्यक तालिम प्रदान गरिनेछ । सामुदायीक विद्यालयलाई प्रविधिमैत्री बनाउन रकम रु. ८३ लाख ३३ हजार विनियोजन गरेको छु ।

१९. अति विपन्न तथा दलित समुदायबाट आ.व. २०८३/०८४ मा MBBS अध्ययनका छनौट भई अध्ययनरत विद्यार्थीलाई एक पटकका लागि रकम रु.१ लाखको दरले छात्रावृत्ती उपलब्ध गराईनेछ ।

२०. समग्र शैक्षिक सुधारका लागि नगरपालिकाको शिक्षा ऐन बमोजिम खुल्ला प्रतिस्पर्धाको माध्यमबाट प्र.अ. व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

२१. सामुदायीक विद्यालयबाट कक्षा १० उत्तीर्ण दलित, विपन्न तथा मुस्लिम छात्राहरूलाई सिकाईमा निरन्तरता दिन प्रोत्साहन स्वरूप साइकल लगाएतको सामाग्री सहयोग उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ ।

२२. संस्थागत विद्यालयहरुमा दलित, विपन्न तथा जेहेन्दार विद्यार्थिहरुलाई तोकिए बमोजिमको छात्रवृत्ती अनिवार्य उपलब्ध गराउने कार्य कडाईका साथ कार्यान्वयन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२३. विद्यार्थीहरुलाई आफ्नो क्षमता र चाहान अनुसारको विषय छनौट गरी भविष्य निर्धारणमा सहयोग पुर्याउने उद्देश्यले विद्यार्थीहरुको वृत्ति मार्गनिर्देर्शन (Career Guidance) कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

<u>स्वास्थ्यः</u>

२४. इनरुवा ८ मा रहेको आधारभूत स्वास्थ्य केन्द्रमा बर्थिङ्ग सेन्टर संचालन गरिनेछ । मधेशा स्वास्थ्य चौकीमा रहेको ल्याबलाई थप व्यवस्थित गर्नुका साथै जल्पापुर स्वास्थ्य चौकीमा ल्याब स्थापना गरी सेवा संचालन गरिनेछ । ठुलो भुगोल भएका वडाहरुमा घुम्ती स्वास्थ्य सेवा उपलब्ध गराउन वर्छौवा खोप केन्द्र र बबिया खोप केन्द्रको स्तरोन्नती गरी सेवा संचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

२५. महिलाहरुको पाठेघरको मुखमा हुन सक्ने क्यान्सर रोगको रोकथाम तथा उपचारका लागि विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरुसंग समन्वय/सहकार्य गरी समुदाय स्तरमा यसको सचेतना तथा सिविर सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

२६. महिला स्वास्थ्य स्वंयसेविका मार्फत दिर्घरोगी नगरवासीहरूको घरघर सम्म निशुल्क औषधि पुर्याउने व्यवस्था मिलाईनेछ ।

२७. उमेरहदको आधारमा सेवा निवृत्त हुने महिला स्वास्थ्य स्वंसेविकाहरुलाई प्रोत्साहन खर्च उपलब्ध गराउने कार्यलाई निरन्तरता दिईनेछ ।

२८. गर्भवती महिलाहरूको नियमित स्वास्थ्य जाँचको लागि सबै वडाहरूमा पोर्टेवल भिडियो X-Ray सहितको सेवा संचालनलाई निरन्तरता दिएको छु ।

२९. विद्यालयका छात्राहरूको स्वास्थ्य सुरक्षाको लागि निशुल्क स्यानेटरी प्याड उपलब्ध गराउने कार्यलाई निरन्तरता दिएको छु ।

३०. नगरपालिका भित्रका ० देखि ५९ महिना सम्मका सबै बालबालबालिकाहरुले खोप लगाएको सुनिश्चितता गरी पूर्णखोप तथा दिगोपना घोषणा गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

## महिला तथा बालबालिकाः

३१. प्रत्येक वर्ष लैगिक समानता तथा सामजिक समावेशीकरण (GESI) Audit गरी Audit ले औंल्याएका विषयलाई क्रमश कार्यान्वयन गरिनेछ ।

३२. महिला हिंसा विरुद्धका सचेतना कार्यक्रम तथा अभियानहरु संचालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

३३. बालमैत्री नगर घोषणा गर्ने लक्ष्य प्राप्तीका लागि विभिन्न क्रियाकलाप संचालन गर्दै लगिनेछ ।

३४. बालश्रम तथा बालविवाह न्यूनीकरणका लागि समुदाय तथा विद्यालयहरुमा सचेतानामुलक कार्यक्रमहरु संचालन गर्नुका साथै तथ्याङ्क संकलन गरी आवश्यक कार्यक्रमहरु अवलम्बन गरिनेछ ।

३५. नगरभित्रको बालबिकास केन्द्रहरूलाई स्तर उन्नति गर्दै लगिनेछ ।

३६. नगर बाल संजाललाई सक्रिय गराइनेछ ।

३७. विद्यालयहरुमा लागु औषध दुर्वेशनी विरुद्धको अभियान संचालन गरिनेछ ।

३८. माथि उल्लिखित लक्ष्य हासिल गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

## लक्षित वर्गः

३९. अपाङ्गता रोकथामका लागि समुदायमा सचेतना कार्यक्रमहरु आयोजना गर्ने, निशुल्क रुपमा फोलिक एसिड वितरण गर्ने, नव दम्पतीहरुलाई सन्देशमुलक शुभकामना कार्ड वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

४०. अपाङ्गता भएका व्यक्तिहरुको पुनर्स्थापनाका लागि स्वास्थ्य उपचार, सयाहक सामाग्री वितरण गर्नुका साथै व्यवसायीक सिप विकास तालिमहरु सञ्चालन गरिनेछ । कोशी प्रदेश सरकार संगको सहकार्यमा अपाङ्गता रोकथाम तथा पुनर्स्थपना कार्यक्रम संचालन गर्न रकम रु.२५ लाख विनियोजन गरेको छु ।

४१. वैदेशिक रोजगारमा जाने युवाहरूलाई आवश्यक प्राविधिक सिप विकासका तालिमहरू संचालन गर्नुका साथै निजहरूको परिवारलाई वित्तिय साक्षरता तालिम समेत प्रदान गरिनेछ । साथै विदेशबाट फर्किएर आएका युवाहरूलाई रोजगारको अवसर सिर्जना गरी कामकाजमा लगाईनेछ ।

४२. नगरवासीको मृत्यु हुँदा घाट सम्म पुर्याउन निशुल्क सव-बहानको व्यवस्था गरिनेछ । साथै दलित तथा अति विपन्न परिवारको मृत्यु भएमा दाहासंस्कार खर्च बापत प्रति परिवार १० हजार उपलब्ध गराउने कार्यलाई निरन्तरता दिन आवश्यक बजेट व्यवस्था गरेको छु ।

४३. इनरुवा नगरपालिकालाई कार्य क्षेत्र बनाई कामकाज गर्दै आएका सामाजिक संघ संस्थासंग सहकार्य गरी महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरु र युवाहरुको सशक्तीकरण एवम् क्षमता विकास गरिनेछ ।

४४. खेलमैदान इनरुवा १ लाई व्यवस्थापन गरी खेलकुद गतिविधि संचालन गरिनेछ । युवाहरुलाई खेलकुदमा आकर्षित गर्न समय समयमा विभिन्न खेलकुदका क्रियाकलापहरु संचालन गरिनेछ ।

४५. स्थानीय क्लबहरुसंग सहकार्य गरी नगरस्तरीय खेलकुद प्रतियोगिताहरु (फुटबल, क्रिकेट, भलिवल, कुस्ती, कबड्डी आदि) आयोजना गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

४६. दक्ष खेलाडि उत्पादनका लागि खेल प्रशिक्षक नियुक्ति गरी नियमित प्रशिक्षणको व्यवस्था मिलाईनेछ ।

<u>**धर्मसंस्कृती जगेर्नाः**</u>

४७. मठमन्दिर, मस्जिद जस्ता धार्मिक पूर्वाधारहरुको अधुरो निर्माणलाई पुर्णता दिनुका साथै आवश्कता बमोजिम मर्मत सम्भार गरिनेछ । धार्मिक पूर्वाधारहरुको निर्माण तथा स्तोन्नतीका लागि रकम रु.१ करोड ५० लाख विनियोजन गरेको छु ।

४८. स्थानीय संस्कृतीको संरक्षणका लागि विभिन्न धार्मिक समूहहरुलाई बाध्यवादनका सामाग्रीहरु वितरण गरिनेछ । यस कार्यका लागि रकम रु.१५ लाख बजेट विनियोजन गरेको छु ।

<u>**आर्थिक विकासः**</u>

<u>**कृषि तथा पशु विकासः**</u>

४९. कृषक र कृषि क्षेत्रले समस्या, आवश्यकता र चाहनाको वस्तुपरक आंकलन गरी उपयुक्त परिणाममुखी कार्यक्रम तर्जुमा गर्न कृषक समुहहरूको गठन परिचालनलाई जोड दिईनेछ ।

५०. नगरको मुख्य खाधान्न वालीहरू (धान, मकै, गहुँ, केराखेति, तोरी, दाल, जुट आदि) को वीज वृद्धि कार्यक्रम प्रभावकारी ढंगबाट सञ्चालन गरी गुणस्तरिय विऊ उत्पादनमा नगरलाई आत्मनिर्भर बनाउदै अन्य क्षेत्रका लागि समेत स्रोत केन्द्रको रूपमा विकास गर्दै लगिनेछ । साथै वीउ, बिजनका अतिरिक्त मल र कृषी सामाग्रीहरू समेत समयमै कृषकहरूलाई उपलव्ध गराउन विशेष सजगता अपनाइनेछ ।

५१. स्थानीय सम्भाव्यता, तुलनात्मक लाभका क्षेत्र र नगरको विशिष्ठ अवस्था समेतलाई अवसरको रूपमा उपयोग गर्दै कृषि क्षेत्रको व्यवसायिकरण र विविधिकरण गरी

नगरको खाध सुरक्षाको अवस्था प्रबर्द्धन गर्नका साथै रोजगारीका अवसरहरू श्रृजना गरिनेछ ।

५२. पशु सेवा केन्द्र बबियामा पशु चिकित्सक सहितको प्राविधिक कर्मचारीहरु खटाई सेवा संचालन गर्न आवश्यक भौतिक पूर्वाधार तथा सामाग्री व्यवस्थापन गरिएको छ ।

५३. पशुहरुमा देखिने विभिन्न किसिमका रोगहरुको नियन्त्रण तथा किसानको घरघरमा अत्यावश्यक सेवा पुर्याउन मोबाइल भेटनरी सेवाको सुरुवात गरिनेछ ।

५४. कृषि उपजलाई आधुनिकिकरण गर्दै बजारको मागलाई पूर्ति गर्न कृषकहरूलाई लागत साझेदारीमा विभिन्न क्षेत्रमा अनुदान दिन आवश्यक बजेट व्यवस्था मिलाइएको छ ।

५५. पशुपंछीको विमा कार्यक्रमलाई समुदायस्तर सम्म जनचेताना फैलाउन विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।

## सहकारी तथा वित्तिय सेवाः

५६. लघु उद्यमको विकास र प्रवर्द्धनको माध्यमबाट गरिबी निवारणमा सहयोग पुर्याउन नयाँ लघु उद्यमी सृजना तथा पुराना लघु उद्यमीहरूको स्तरोन्नति गर्न आवश्यक बजेट विनियोजन गरेको छु । साथै गरिबी निवारणको लागि ग्रामीण भेगका घरेलु तथा स-साना उद्योगीहरूको समुह गठन गरी विऊ पुँजि उपलब्ध गराई व्यवसाय प्रवद्धन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु ।

५७. सहकारी वृत्ति विकास तथा अनिवार्य कोपोमिस सिस्टममा आवद्ध गराउन आवश्यक क्षमता विकास तालिमको व्यवस्था गरेको छु ।

## कार्यालय संचालन तथा प्रशासनीक खर्चः-

५८. नगरपालिकामा कार्यरत कर्मचारी तथा जनप्रतिनिधीहरुको पारिश्रमिक, सेवा, सुविधा, कर्मचारी कल्याणकोष तथा दैनिक सेवा प्रवाह व्यवस्थापनका लागि कुल बाँडफाँड योग्य बजेटको ४७% ले हुन आउने रकम रू.२४ करोड ८९ लाख ४२ हजार ५ सय १३ विनियोजन गरेको छु । जसमध्ये वडाको कार्यालय संचालन खर्चको लागि रकम रु. १ करोड विनियोजन गरेको छु ।

## सुशासन तथा संस्थागत विकासः

५९. इनरुवा नगरपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन कार्यान्वयन गरी वित्तीय सुशासन कायम गरिनेछ ।

६०. नगरपालिकालाई नागरिक प्रति जवाफदेहि बनाउन सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण तथा सार्वजनिक परीक्षणजस्ता सूचकहरूको कार्यान्वयनको लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

६१. नगरमा शान्तिसुरक्षा कायम गर्न बजार क्षेत्रमा जडान गरिएको CCTV Camera लाई नियमित रुपमा मर्मत संभार गरी संचालन गरिनेछ ।

६२. इनरुवा नगरपालिकामा व्यवसाय दर्ता तथा नविकरण भएका संचार माध्यमहरूको क्षमता विकासको गरिनेछ ।

## सूचना प्रविधि तथा अभिलेख व्यवस्थापनः

६३. नगरको सामाजिक तथा आर्थिक तथ्यांकहरू संकलन र अद्यावधिक गर्न नगरको सूचना प्रविधि तथा अभिलेख व्यवस्थापन शाखालाई थप व्यवस्थित बनाउदै लगिनेछ ।

६४. नगरपालिकाको सेवालाई सहज र प्रविधि मैत्री बनाइनेछ । नगरपालिकाको वेवसाईट, सामाजिक संजाल, हेलो सरकारको पोर्टललाई स्तरोन्नति गरी आम नागरिकको आवाज प्रतिबिम्बित गर्ने माध्यमको रूपमा विकास गरिनेछ ।

६५. नगरपालिकाको कार्यालय र मातहतका सबै कार्यालयहरुमा साझा र एकीकृत प्रणाली, office automation software को प्रयोगलाई निरन्तरता दिईनेछ ।

६६. GPS तथा म्याट्रिक्स प्रणालीमा आधारित House Numbering गरी घरहरुमा टाँस गर्ने कार्यलाई अन्य वडाहरुमा समेत विस्तार गरिनेछ र घर नम्बरलाई नगरपालिकाले दिने सेवासंग जोडिनेछ।

६७. नगरपालिका र वडा कार्यालयबाट जारी हुने सबै प्रकारका सिफारिसहरू, जेष्ठ नागरिक परिचयपत्र, अपांगता परिचयपत्र आदिलाई डिजिटल माध्यमद्वारा मात्र जारी गर्ने नीति अबलम्बन गरिनेछ ।

६८. घरनक्सा शाखालाई व्यवस्थित गर्न घर नक्सा पास तथा निर्माण कार्य व्यवस्थापन प्रणाली (EBPS) को प्रयोगलाई निरन्तरता दिईनेछ ।

६९. कम्प्युटर सफ्टवेयर लागू गरी नगर क्षेत्रका स्वास्थ्य संस्थाहरुलाई व्यवस्थित गरी संचालन गरिनेछ ।

## वन वातावरण तथा विपद् व्यवस्थापनः

७०. विभिन्न समयमा आई पर्ने प्रकोप, महामारी एवम् विपद् व्यवस्थापनको लागि प्रकोप व्यवस्थापन कोषमा आवश्यक बजेट व्यवस्था गरेको छु ।

७१. विपद पूर्व तयारीका कार्यक्रमहरू गरी नगरमा विपदको जोखिम न्यूनीकरण गर्न आवश्यक बजेट व्यवस्था गरेको छु ।

७२. सुनसरी जिल्लाको चिनारीको रूपमा रहेको पवित्र सुनसरी नदि, कुरुवा खोला र गढन खोलाको स्वच्छता एवम् सुन्दरताको लागि यस क्षेत्रमा खटिन इच्छुक सामाजिक अभियान्ताहरूलाई समेत परिचालन गरी निरन्तर सरसफाई गर्नुका साथै जनचेतना अभिवृद्धि गरिनेछ ।

७३. बाढीको जोखिम नियन्त्रणको लागि पानी तथा ढल निकासलाई व्यवस्थित गरिनेछ ।

७४. सबै वडाहरूमा सार्वजनिक जग्गाको पहिचान गरी प्रत्येक वर्ष कम्तिमा १००० वटा फलफुल तथा बोट विरुवा वृक्षारोपण गरिनेछ ।

७५. नगरपालिका क्षेत्रको एकिकृत फोहोर व्यवस्थापन तथा सरसफाई कार्यमा सार्वजनिक निजी साझेदारीको व्यवस्था अबलम्वन गरिनेछ ।

७६. अतिक्रमित सार्वजनिक जग्गा छुट्याई संरक्षण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

**विविधः**

७७. इनरुवा नगरपालिकाका सबै नगरवासीहरूले आ.व. २०८३/०८४ को सम्पति कर पौष महिना भित्र तिरेमा लाग्ने करमा १० प्रतिशत छुटको व्यवस्था गरेको छु ।

७८. व्यवसाय कर २०८३ असोज मसान्तसम्म कर तिर्ने व्यवसायीहरूलाई १०% छुटको व्यवस्था गरेको छु ।

७९. महिलाको नाममा नयाँ व्यवसाय दर्ता गरेमा पहिलो पटक लाग्ने राजश्वमा २५% छुटको व्यवस्था गरेको छु ।

८०. नगरपालिका र वडाबाट संचालन हुने सबै योजना तथा कार्यक्रमको प्रभावकारी कार्यन्वयनका लागि सूचकमा आधारित अनुगमन तथा मूल्यांकन गरिने छ ।

८१. सबै व्यवसायीहरूलाई करको दायरामा ल्याउन यथार्थ लगत संगलन गरी नियमित रूपमा अनुगमन गर्नुका साथै लामो समय देखि कर तिर्न बाँकि रहेका व्यवसायीहरूको करमा लाग्ने जरिवाना छुटको व्यवस्था मिलाईने छ । साथै नगरक्षेत्र भित्रका व्यवसायी तथा घर बहालमा दिएका घरधनीहरूसंग लिईदै आएको घर बहाल करलाई प्रभावकारी रूपमा लागू गरिनेछ ।

८२. महेन्द्र राजमार्गको सडक क्षेत्राधिकार भित्र रहेका अवरोधहरु हटाउने कार्यलाई निरन्तरता दिइनेछ ।

८३. सिमित श्रोत साधनलाई उचित व्यवस्थापन गर्दा गर्दै पनि इनरुवा नगरपालिकाको समग्र विकासको लागि पर्याप्त मात्रमा बजेट नभएको हुँदा संघीय सरकार, प्रदेश

सरकार तथा विभिन्न दातृ निकायहरू संग समन्वय र सहकार्य गरी बजेट व्यवस्थापनका लागि पहल गरिनेछ ।

८४. त्यसैगरी एउटा नगरपालिका हुनका लागि न्युनतम आवश्यकताको रूपमा लिईने सार्वजनिक सभाहल, ढल निकाशको प्रबन्ध, सडक बत्ति, रात्रीकालिन बजारको ब्यबस्था, शहरी हरित पार्क, बहुजातिय संग्रहालय, सार्बजनिक शौचालय, नदी कोरीडोर व्यवस्थापन, बस टेम्पो रिक्शा, अटोरिक्सा जस्ता सार्बजनिक यातायातका साधनको समुचित पार्किङ् ब्यवस्थापन लगायतका आवश्यक संरचनाहरूको निर्माणलाई क्रमशः विकास गर्दै लगिनेछ ।

प्रस्तुत नीति, कार्यक्रम तथा बजेट माथि छलफल गरी नगर सभाबाट स्विकृतिको लागि पेश गरेको छु ।

८५. यसका साथै न्यायीक समितिको वार्षिक प्रविवेदन, इनरुवा नगरपालिकाको आर्थिक विधेयक, २०८३, विनियोजन विधेयक, २०८३ र इनरुवा नगरपालिकाको आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व विधेयक,२०८३ छलफलका लागि यस गरिमामय सभामा पेश गरेको छु ।

**धन्यवाद !**

**विनिता कुमारी मेहता**
**उपप्रमुख**
**मिति २०८३।०३।१०**